# कागेश्वरी मनोहरा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**डाँछी, काठमाडौ**

**३ नं प्रदेश**

**शिलबन्दी बोलपत्र आव्हानको सूचना**

**सूचना नं ०१।२०७३।७४**

**प्रथम पटक प्रकाशित मिति: २०७४/०१/०८**

यस कार्यालयको चालु आ.व २०७३/०७४ को लागि स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिका क्षेत्र भित्र तपशीलमा उल्लेखित निर्माण कार्य गर्नु पर्ने भएकोले उक्त कार्यका लागि नेपाल सरकारबाट इजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायी वा कम्पनिबाट निम्नानुसारको शर्तको अधिनमा रही रित पूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१.बोलपत्र फारम खरिद गर्न इच्छुक निर्माण व्यवसायी वा कम्पनीहरुले सम्वन्धी फर्मको लेटरप्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निबेदन पत्र साथ आ.ब २०७३/०७४ को लागि नबिकरण भएको फर्म वा कम्पनीको प्रमाणपत्र, व्यवसायी/ठेक्कापट्टा ईजाजतपत्र, स्थायी लेखा नम्वर एंबम आयकर तथा मु.अ कर दर्ता प्रमाणपत्र साथै आ.ब २०७२/०७३ को कर चुक्ता प्रमाणपत्र, फर्म सम्वन्धी अन्य कागजात भए सो समेतको प्रमाणित प्रतिलिपीको साथ तल उल्लेखित नगद रकम पछि फिर्ता नहुने गरी यस कार्यालयको राजश्व शाखामा रकम बुझाएको रसिद सहित यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० दिन सम्म कार्यालय समय भित्र यस कार्यालय तथा  वडा कार्यालय ९ गोठाटार बाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. बोलपत्रहरुको सूचना प्रकाशन भएको मितिले ३१ औ दिन दिनको १२.०० बजे सम्म नगरपालिका कार्यालयको नाममा सम्वोधन गरी ठेक्का नम्वर, बोलपत्रवालाको नाम, ठेगाना र फोन नम्वर समेत स्पष्ट खुलाई सहि छाप, फर्मको छाप र शिलबन्दी लाहाछाप लगाई यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएको बोलपत्रहरु सोही दिनको २.०० बजे बोलपत्रदर्ता गर्ने वोलपत्रदाता स्वयं वा निजको अधिकार प्राप्त प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्रदर्ता तथा खोलिने दिन सार्बजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिनको सोही अनुसारको समयमा दर्ता गर्ने र खोल्ने कार्य हुनेछ । फर्म वा कम्पनीको प्रतिनिधीको रुपमा कुनै ब्यक्ति पठाउनु पर्ने भएमा रित पूर्बको मन्जुरिनामा सहित पठाउनु पर्नेछ ।

३. बोलपत्र सम्बन्धी कागजात दाखिला गर्दा बोलपत्र पुस्तीकामा उल्लेख भए बमोजिमका बिषयहरु खुलेको प्रमाणपत्र बोलपत्र साथ अनिबार्य रुपमा पेश गर्नु पर्नेछ ।

४. बोलपत्र पुस्तीका तथा सूचनामा उल्लेखित मुल्यांकनका आधारहरु पुरा नगर्ने बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरिने छैन ।

५.बोलपत्र फारम भर्दा अंक र अक्षर दुबैमा प्रस्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेट भएमा सो ठाउँमा सही छाप गर्नु पर्नेछ ।

६. शिलबन्दी बोलपत्र साथ जमानत बापत तपलिमा उल्लेखित गरे बमोजिमको जमानत रकम कृषी विकास बैक शाखा कार्यालय, जोरपटी काठमाडौमा रहेको धरौटी खाता नम्वर ग – ३ – ०२१०८०११५०१३८०४९ मा नगद जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट क वर्गको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा बोलपत्र पेश गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको सक्कल बैक जमानतपत्र (unconditional bidbond) समावेश भएको हुनु पर्नेछ । अन्यथा बोलपत्र अयोग्य मानिनेछ ।

७. बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पुस्तिकामा संलग्न गरिएको स्पेशीफिकेशन तथा अन्य ब्यहोरा प्रष्ट रुपमा अध्ययन गरी सहीछाप गरी पेश गर्नु पर्नेछ । बोलपत्र जुन फर्मको नामबाट खरिद भएको हो सोही फर्मको नामबाट दर्ता गराउनु पर्नेछ र यस कार्यालयबाट बिक्रि भएको बोलपत्र फारम भरी प्रत्येक पृष्ठमा सही छाप गरी पेश गर्नु पर्नेछ । शिलबन्दी बोलपत्रदाताको ग्राहायता (Eligibility) प्रमाणित गर्ने कागजातहरु शिलबन्दी बोलपत्र साथ शिलबन्दी खाम भित्रै संलग्न हुनु पर्नेछ ।

८.  कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, वा नगर्ने वा रद्ध गर्ने सम्पुर्ण अधिकार यस कार्यालय मा निहित रहने छ ।

९. बोलपत्र स्वीकृत भएमा कवोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी बापतको रकमको बैक भौचर वा यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १३ महिना म्याद भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गर्नुपर्ने छ ।

१०. रित नपुगेको, म्याद नाघि वा शर्त राखी पेश भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

११. बोलपत्र फारम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका ब्यहोराहरुको हकमा सार्बजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमाबली, २०६४ अनुसार हुनेछ । साथै यो सूचना कागेश्वरी मनोहरा नगर कार्यपालिका कार्यालयको वेव साइट www.kageshworimanoharamun.gov.np मा हेर्न सक्नु हुनेछ । अन्य जानकारीका लागि यस कार्यालयको फोन नम्वर ०१-४४५०३५६ मा सम्पर्क गर्न सकिनेछ ।

तपशील

| सि.न | ठेक्का नम्वर | आयोजनाको नाम | बोलपत्र फारम दस्तुर | स्वीकृत लागत अनुमान (मु.अ कर, कन्टीजेन्सी बाहेक) | जमानत रकम |
|---|---|---|---|---|---|
| १ | KMUN/3658033/073/74-001 | Road Improvement and upgrading works on Surya mandali subedi gau Indrayeni road, ward no 1 | ३,०००।०० | ३८,७८,१४१.४१ | १,३०,०००।०० |
| २ | KMUN/3658033/073/74-002 | Road Improvement and upgrading works on Mahantar dekhi chiple gauda road, ward no 8 | ३,०००।०० | ४०,५१,३७१.२९ | १,३०,०००।०० |